नेपाल कम्युनिष्ट पार्टी
(एकीकृत मार्क्सवादी-लेनिनवादी)
केन्द्रीय कार्यालय

# सर्कुलर -१

**प्रिय कमरेडहरू,**

२०७१ सालको असारमा सम्पन्न हाम्रो पार्टीको नवौं राष्ट्रिय महाधिवेशनले मुलुकमा आएको राजनीतिक परिवर्तनमा टेकेर समाजको आर्थिक-सामाजिक एवं सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गर्दै समाजवादका आधार निर्माण गर्ने कार्यदिशा तय गरेको थियो । उक्त कार्यदिशा अनुरूप पार्टीले अगाडि सारेका नीति र कार्यक्रमप्रति विश्वास गरेर गत निर्वाचनमा जनताले पार्टीलाई राम्रो मत दिएका थिए । तर महाधिवेशनबाट पार्टी अध्यक्षमा निर्वाचित भएका कमरेड केपी ओली महाधिवेशनबाट पारित नीति र विधि अनुसार चल्न नै चाहनुभएन । उहाँले न महाधिवेशनको दिशा निर्देश अनुसार पार्टी चलाउनुभयो न त सरकार नै पाटीको नीति अनुसार चलाउनुभयो । हामीले पार्टी एकता नै गर्ने प्रतिबद्धताका साथ दुई ठूला कम्युनिष्ट पार्टीबीच चुनावी तालमेल गरी एउटै घोषणा पत्र लिएर चुनावमा गएका थियौं । जनताले त्यसलाई सकारात्मक ढङ्गले लिई समर्थन जनाएर मत दिएका थिए र करिव दुई तिहाइ बहुमतको सरकार बनाउने अवसर प्राप्त भएको थियो । तर त्यस मतको आधारमा प्रधानमन्त्री बनेका कमरेड केपी ओलीले जनताको अपेक्षा अनुसार कुनै पनि काम गर्नुभएन । उहाँ पार्टी एकता गर्दा तय गरिएका नीति र विधि अनुसार पनि चल्नुभएन । हामीले महाधिवेशनको दिशानिर्देश अनुसार पार्टी चलाउन र पार्टी नीति अनुसार सरकार सञ्चालन गर्न बारम्बार आग्रह गर्दा नसुनेर उल्टो तरिकाले चल्न थाल्नुभयो । यहाँसम्म कि आफ्नो प्रधानमन्त्री पद गुम्ने जस्तो भएपछि उहाँले घोर असंवैधानिक ढङ्गले २०७७ पौष ५ गतेका दिन जनताले ५ बर्षका निम्ति निर्वाचित गरेको प्रतिनिधिसभालाई नै बिघटन गरिदिनुभयो । शक्तिशाली नेकपाको अध्यक्ष र झण्डै दुई तिहाई सांसदको समर्थन प्राप्त प्रधानमन्त्रीको हैसियत दुरूपयोग गर्दै प्रतिनिधि सभा विघटन गरिएको दिन नेपालको इतिहासमा एउटा कालो दिनको रूपमा रहनेछ ।

जनताले संघर्ष गरेर स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त गर्ने र नेपाली कम्युनिष्ट आन्दोलनलाई विसर्जनको दिशामा धकेल्ने कुत्सित मनशाय बोकेर असंवैधानिक कदम चाल्दै मुलुकलाई प्रतिगमनतिर लैजाने कमरेड के.पी.ओलीका कुकृत्यबाट मुलुकलाई बचाउन नेपाली जनता शीरमा कफन बाँधेर सडकमा उत्रिए र हामीले त्यस आन्दोलनको नेतृत्व गऱ्यौं । नेपाली जनताको आन्दोलन र चौतर्फी दबाबले गर्दा सर्वोच्च अदालतले प्रधानमन्त्री केपी ओलीको उक्त गलत कदमलाई उल्टाउँदै विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको फैसला गऱ्यो । त्यसबाट रन्थनिएका केपी ओलीले षडयन्त्रका अनेकौं तानाबाना बुन्न थाल्नुभयो । त्यसै क्रममा फाल्गुण २३ गते वादीले माग नै नगरेको बिषयमा प्रवेश गरेर सर्वोच्च अदालतले २०७५ जेष्ठ ३ गते भएको पार्टी एकतालाई खारेज गर्दै एकताबद्ध भएका दुबै पार्टीलाई पूर्ववत अवस्थामा अर्थात २०७५ जेष्ठ २ गतेको अवस्थामा फर्काइदियो । यसरी पूर्ववत अवस्थामा फर्काइएपछि हामीले नेकपा (एमाले) २०७५ जेष्ठ २ गते जुन अवस्थामा थियो त्यही अबस्थाबाट अगाडि बढ्नुपर्ने अडान राख्यौं । तर कमरेड केपी ओलीको दक्षिणपन्थी एवम् विसर्जनवादी प्रवृत्ति नेकपा (एमाले) लाई विघटन गर्नेतर्फ उद्दत रह्यो । त्यसैको एउटा कडी हो फाल्गुण २८ गतेको घोर षड्यन्त्रकारी कदम । त्यसदिन कमरेड केपी ओलीले नवौं महाधिवेशनको सम्पूर्ण म्याण्डेटलाई ध्वस्त पार्नुभयो । उहाँले पार्टी विधान, पार्टीमा स्थापित विधि र पद्धति विपरित केन्द्रीय कमिटीका सम्पूर्ण सदस्यहरूलाई खबर नै नगरी केन्द्रीय कमिटीको तथाकथित विशेष बैठकको नाममा गुटको भेला गरेर मनपरी ढंगले अवैधानिक निर्णय

गरी पार्टीलाई विभाजित हुने स्थितिमा पुऱ्याउनुभयो । कमरेड केपी ओलीले यस किसिमको बल मिच्याँई र मनमौजी ढङ्गले गरेका सम्पूर्ण निर्णयहरू अवैधानिक भएको र त्यसलाई सच्याउँदै २०७५ जेष्ठ २ गतेको अवस्थामा पार्टीलाई पुऱ्याउन उहाँसँग दबावमूलक ढङ्गले कुरा गर्न हामी केन्द्रीय कार्यालय धुम्बाराही पुग्यौं तर कमरेड ओलीमा यति धेरै दम्भ र घमण्ड देखियो की उहाँ कुनै कुरा पनि सच्याउन तयार हुनुभएन र आफ्नो विखण्डकारी अडानमै रहनुभयो । पार्टीमा गम्भीर संकट उत्पन्न भयो । पार्टीको नवौं महाधिवेशन र त्यस पश्चात हाम्रा साथमा रहेका सम्पूर्ण नेता, कार्यकर्ता, सदस्य र शुभेच्छुकहरूमा विकसित हुन सक्ने निरासा, हतासा, अकर्तव्यमण्डता, वितृष्णा र पलायनतालाई रोक्न, नयाँ उर्जा, उत्साह, संकल्प, आत्मविश्वास र कृयाशीलतालाई अगाडी बढाउन अत्यावश्यक देखियो । हामीले कम्युनिष्ट पार्टी र आन्दोलनलाई छिन्न भिन्न हुनबाट रोक्न, सङ्गठित भएर पुनः कृयाशील भई पार्टी र आन्दोलनलाई अगाडि बढाउनु आफ्नो कर्तव्य र जिम्मेवारी ठान्यौं । र, यस्तो विषम परिस्थितिमा कसरी अघि बढ्ने भन्ने सम्बन्धमा छलफल गरी एउटा साझा निस्कर्षमा पुग्न हामीले २०७७ चैत्र ४ र ५ गते राजधानीमा राष्ट्रिय कार्यकर्ता भेलाको आयोजना गऱ्यौं । अत्यन्त उत्साहजनक एवम् भव्य रूपमा सम्पन्न उक्त भेलाका निर्णयहरू, त्यस अघि र पछि भएका स्थायी कमिटी तथा केन्द्रीय कमिटीका निर्णयहरू समेत मातहत कमिटीहरूमा प्रेषित गर्न यो सर्कुलर जारी गरिएको छ । अब सम्पूर्ण पार्टी पंक्ति यसै अनुसार परिचालित हुन निर्देशित गरिन्छ ।

## राष्ट्रिय कार्यकर्ता भेला र त्यसका निष्कर्ष

२०७७ चैत्र ४ र ५ मा ललितपुरको सानेपामा राष्ट्रिय कार्यकर्ता भेला सम्पन्न भएको छ । उक्त भेला नेकपा (एमाले) लाई दक्षिणपन्थी एवं विसर्जनवादी हमलाबाट जोगाउँदै विघटन हुन नदिने जिम्मेवारी बोधका साथ आयोजना गरिएको थियो । देशका सवै भाग र प्रबासबाट समेत आउनुभएका ४१८५ जना सहभागीको उपस्थितिमा सम्पन्न भेलाको अध्यक्षता क. झलनाथ खनालले गर्नुभएको थियो । क. माधवकुमार नेपालले केन्द्रीय कमिटीको तर्फबाट भेलामा एक राजनीतिक प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूलाई १० समूहमा विभाजन गरी उक्त प्रस्तावमाथि छलफल चलाइएको थियो । समुह छलफलपछि समूह नेताहरुले सहभागीहरूबाट प्राप्त सुझावहरु प्रस्तुत गरिएका थिए । सुझाव दिने क्रममा उठाइएका विभिन्न विषयमा क. माधवकुमार नेपालले प्रष्ट पार्नु भएको थियो । तत्पश्चात उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरिएको थियो । आजको परिस्थिति उत्पन्न हुनुको कारण विश्लेषण गरिएको र आजका हाम्रा चुनौति एवं कार्यभार प्रस्तुत गरिएको उक्त राजनीतिक प्रस्तावको साथै भेलाबाट पारित समसामयिक प्रस्तावहरू समेत समाबेस गरी पुस्तिकाको रूपमा प्रकाशित गरेर छिटै प्रेषित गरिने छ ।

## प्रदेश तथा जिल्ला कमिटी विस्तार एवं पुनर्गठन

नेकपा (एमाले) लाई पुनर्गठित एवं रूपान्तरित गर्ने भन्ने २०७७ चैत्र ४ र ५ मा सम्पन्न राष्ट्रिय कार्यकर्ता भेलाको निष्कर्ष बमोजिम  पार्टीका प्रदेश र जिल्ला कमिटीहरू विस्तार तथा पुनर्गठन गर्ने कार्य अगाडि बढेको छ ।

प्रदेश नं. १ मा क. भीम आचार्यको संयोजकत्वमा, प्रदेश नं. २ मा क. घनश्याम भुसालको संयोजकत्वमा, वागमती प्रदेशमा क. अष्टलक्ष्मी शाक्यको संयोजकत्वमा, गण्डकी प्रदेशमा क. सुरेन्द्र पाण्डेको संयोजकत्वमा, लुम्विनी प्रदेशमा क. युवराज ज्ञवालीको संयोजकत्वमा, कर्णाली प्रदेशमा क. प्रकाश ज्वालाको संयोजकत्वमा र सुदुरपश्चिम प्रदेशमा क. भीम रावलको संयोजकत्वमा प्रदेश कमिटी पुनर्गठन गरिएको छ । त्यसैगरी क. बेदुराम भुसालको संयोजकत्वमा सम्पर्क विशेष प्रदेश कमिटी र क. विजय पौडेलको संयोजकत्वमा उपत्यका विशेष प्रदेश कमिटी पुनर्गठन गरिएको छ ।

जिल्ला कमिटीहरू पनि विस्तार तथा पुनर्गठन गरिएको छ ।

प्रदेश १ का ताप्लेजुङमा क. बलबहादुर साम्सोहाङ, तेह्रथुममा क.लक्ष्मण तिवारी, खोटाङमा क. बबि चाम्लिङ, संखुवासभामा क. हेमराज घिमिरे, उदयपुरमा क. ईश्वमणि राउत र सुनसरीमा क. रमेश बस्नेत अध्यक्ष रहेका पुरानै कमिटी विस्तार गरिएको छ भने पाँचथरमा क. कमल जवेगु, भोजपुरमा क. शरण राई, वखलढुङ्गमा क. हर्कबोल राई, धनकुटामा क. अर्जुन राई, मोरङ्गमा क. चन्द्रवीर राई र विराटनगर महानगरपालिकामा क. पारुल क्षेत्रीको अध्यक्षतामा जिल्ला एवम् महानगर कमिटी पुनर्गठन गरिएको छ । प्रदेश नं. २ का सप्तरीमा क. गोविन्द न्यौपाने, सिराहामा क. प्रमोद यादव, धनुषामा क. रामचन्द्र पण्डित, सर्लाहीमा क. रेवती पन्त, रौतहटमा क. कमल यादव र वारामा क. सुन्दर विश्वकर्मा अध्यक्ष रहेका पुरानै कमिटी कायम छन् । पर्सामा बालगोपाल थापाको अध्यक्षतामा जिल्ला कमिटी पुनर्गठन गरिएको छ । वागमती प्रदेशका मकवानपुरमा क. मुनु सिग्देल, नुवाकोटमा क. नारायण खतिवडा, काभ्रेमा क. टोकबहादुर वाइवा, सिन्धुपाल्चोकमा क. झंक नेपाल र रामेछापमा क. शान्तिप्रसाद पौडेल अध्यक्ष रहेका पुरानै कमिटी विस्तार गरिएका छन् भने चितवनमा क. तेजेन्द्र खड्का, धादिङमा क. शिवराज कँडेल, रसुवामा क. पेम्बा तामाङ्ग, दोलखामा क.भीम दाहाल, सिन्धुलीमा क. सूर्य पाखिन, ललितपुरमा क. हरिकृष्ण थापा, भक्तपुरमा क. रजन के.सी. र काठमाडौंमा क. बसन्त मानन्धरको अध्यक्षतामा जिल्ला कमिटी पुनर्गठन गरिएको छ । गण्डकी प्रदेशका गोरखामा क. यादव बस्नेत, तनहुँमा क. शंकरनारायण श्रेष्ठ, लम्जुङ्गमा क. रामबाबु अधिकारी, स्याङ्जामा क. रामचन्द्र भट्टराई, कास्कीमा क. धनराज आचार्य, नवलपरासी पूर्वमा क. धनन्जय शर्मा, पर्वतमा क. भक्त कुँवर, म्याग्दीमा क. बालकृष्ण सुवेदी र पोखरा महानगरपालिकामा क. मुक्तिनाथ पौडेलको अध्यक्षतामा जिल्ला तथा महानगर कमिटी पुनर्गठन गरिएको छ भने वाग्लुङ्मा क. इन्द्रलाल सापकोटा अध्यक्ष रहेको पुरानै कमिटी कायम छ । लुम्बिनी प्रदेशका अर्घाखाँचीमा क. रामबहादुर चौहान, गुल्मीमा क. सोमनाथ सापकोटा, रूपन्देहीमा क. राजु गुरुङ, परासीमा क. शिवलाल कडेल, प्युठानमा क. भोजविक्रम बुढा, पूर्वी रुकुममा क. भिउमान घर्ती र बर्दियामा क. प्रेमप्रसाद पोखरेलको अध्यक्षतामा जिल्ला कमिटी पुनर्गठन गरिएको छ भने दाङमा क. टिकाराम खड्का, रोल्पामा क. हरीप्रसाद घर्ती र बाँकेमा क. अशोक कोइराला अध्यक्ष रहेका पुरानै कमिटी विस्तार गरिएको छ । कर्णाली प्रदेशको सुर्खेतमा क. ध्रुव शाही, जुम्लामा क. तीर्थ बहादुर बुढा, मुगुमा क. धर्म बहादुर शाही, हुम्लामा क. दल रावल, जाजरकोटका करवीर शाही र रुकुम पश्चिममा क. विमल पुन अध्यक्ष रहेका पुरानै कमिटी कायम छन् । सुदुरपश्चिम प्रदेशका कञ्चनपुरमा क. तारा लामा, कैलालीमा क. दिर्घ सोडारी, डडेल्धुरामा क. तारा जोशी, डोटीमा क. चक्र मल्ल, अछाममा क. शेरबहादुर कुँवर र बझाङमा क. दिलबहादुर सिंह अध्यक्ष रहेका पुरानै कमिटी कायम छन् भने बैतडीमा क. महादेव भट्ट र बाजुरामा क. गगन रावलको अध्यक्षतामा जिल्ला कमिटी पुनर्गठन गरिएको छ । प्रदेश कमिटी तथा जिल्ला कमिटीलाई पूर्णता दिने, बाँकी जिल्लाहरूमा कमिटी विस्तार तथा पुनर्गगठन गर्ने र पालिका, वडा र टोलहरूमा समेत कमिटी गठन/पुर्नगठन गर्ने काम यथाशीघ्र सम्पन्न गर्न निर्देशित गरिन्छ ।

## जनसङ्ठनका राष्ट्रिय भेला र कमिटी पुनर्गठन

यसैबीच महिला, युवा, विद्यार्थी, खेलकुद र उत्पीडित जातीय सङ्गठनका राष्ट्रिय भेला सम्पन्न भएका छन् र भेलाबाट सङ्गठनका केन्द्रीय कमिटी/समिति गठन/पुनर्गठन गरिएको छ । २०७७ चैत्र ६ गते सम्पन्न अखिल नेपाल महिला सङ्घको राष्ट्रिय भेलाले क. जयन्ती राईको अध्यक्षतामा ३८० सदस्यीय केन्द्रीय समिति निर्माण गरेको छ । २०७७ चैत्र ७ गते सम्पन्न युवा सङ्घ नेपालको राष्ट्रिय भेलाले क. नरेश शाहीको अध्यक्षतामा ५०१ सदस्यीय केन्द्रीय कमिटी निर्माण गरेको छ । २०७७ चैत्र १० गते सम्पन्न अनेरास्ववियुको राष्ट्रिय भेलाले क. सुदेश पराजुलीको अध्यक्षतामा ५०१ सदस्यीय केन्द्रीय कमिटी निर्माण गरेको छ । २०७७ चैत्र २० गते भएको राष्ट्रिय भेलाबाट नेपाल खेलकूद महासंघको राष्ट्रिय कमिटीमा थपघट गरी क. पुरुषोत्तम पौडेलको अध्यक्षतामा २०५ सदस्यीय केन्द्रीय कमिटी कायम गरिएको छ । २०७७ चैत्र २१ गते सम्पन्न उत्पीडित जातीय मुक्ति समाजको राष्ट्रिय भेलाले क. गणेश विश्वकर्माको

अध्यक्षतामा २७१ सदस्यीय केन्द्रीय कमिटी निर्माण गरेको छ । अन्य जन सङ्गठनका राष्ट्रिय भेला पनि छिटै हुन गैरहेका छन् ।

## पार्टी वैचारिक तथा संगठनात्मक सुदृढीकरण अभियान

२०७७ चैत्र ४ र ५ गते आयोजित राष्ट्रिय कार्यकर्ता भेलाको निष्कर्ष बमोजिम दुई महिने **पार्टी वैचारिक तथा संगठनात्मक सुदृढिकरण अभियान सञ्चालन गर्ने** योजना पारित गरिएको छ । अभियान अन्तर्गत पार्टी र जनसंगठनका सबै तहका बैठक तथा भेला गरिने छ । कमिटी विस्तार तथा पुनर्गठन गरिनेछ । प्रशिक्षण अभियान सञ्चालन गरिने छ । विशेष कार्यक्रमको रूपमा बैसाख ९ गते पार्टी स्थापना दिवसको सन्दर्भमा केन्द्रीय कमिटीको आयोजनामा काठमाडौं उपत्यकामा अध्यक्ष क. केपी ओलीले गरेको पार्टी विखण्डन र विर्सजनकारी कार्यका विरुद्धमा विशेष कार्यक्रम गरिने छ । उक्त सन्दर्भमा सबै जिल्ला कमिटीले सोही प्रकारको कार्यक्रम आयोजना गर्नेछन् । बैशाख १३ गते १ नं प्रदेश कमिटीको आयोजनामा विराटनगरमा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारीको २२ औं स्मृति दिवसको कार्यक्रम आयोजना गरिने छ । २७ औं मदन आश्रित स्मृति दिवसको सन्दर्भमा जेष्ठ ३ गते बागमती प्रदेश कमिटीको आयोजनामा  चितवनमा बिशेष कार्यक्रमको आयोजना गरिने छ । अभियानको समग्र कार्यक्रम यसैसाथ संलग्न गरी पठाइएको छ ।

## कथित स्पष्टीकरण र प्रतिस्पष्टीकरण

हाम्रो राष्ट्रिय कार्यकर्ता भेला र त्यसले गरेका निर्णयबाट अत्तालिएर केपी ओली गुटले कमरेडहरू वरिष्ठ नेता क. माधवकुमार नेपाल, उपाध्यक्ष क. भीम रावल, उपमहासचिव क. घनश्याम भुसाल र स्थायी कमिटी सदस्य क. सुरेन्द्र पाण्डेलाई कथित स्पष्टीकरण सोध्ने र पार्टी सदस्यबाट निलम्बन गर्ने जस्ता हास्यास्पद कार्य गरेको छ । कथित स्पष्टीकरणको प्रत्युत्तरको रूपमा अध्यक्ष केपी ओलीलाई नै प्रतिस्पष्टिकरण सोधिएको छ र कथित निलम्बनका विरुद्ध संयुक्त वक्तव्य जारी गरिएको छ । यी सबै सामग्री संग्रहित गरेर पुस्तिकाको रूपमा प्रकाशित गरी छिटै प्रेषित गरिने छ ।

**कमरेडहरू,**

आज हामी अत्यन्त संवेदनशील अवस्थामा छौं । नेपालको कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्तिका उपलब्धीहरूको रक्षा गर्नुपर्ने दायित्व हाम्रो काँधमा आएको छ । जसरी हाम्रा अग्रजहरूले कठिन अवस्थामा पार्टी र क्रान्तिको रक्षा गरेका थिए  त्यसैगरी हामीले पनि हाम्रो काँधमा आएको यो दायित्व वहन गर्न संकल्पबद्ध भएर अगाडि बढ्नु पर्छ । यीनै विचार, भावना र संकल्प बोकेर दृढता एवम् आत्मविश्वासका साथ हामी सबै अघि बढौं । जित हाम्रो निश्चित छ । क्रान्तिकारी अभिवादन सहित ।  धन्यवाद ।

माधवकुमार नेपाल
वरिष्ठ नेता, नेकपा (एमाले)
२०७७/१२/२७